जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०

म.नि.हु.का.द.नं. ६/०६४/०६५

# नवीन साप्ताहिक

वर्ष ३८ अंक २९ २०७६ साल फागुन ४ गते आइतवार (16 Feb. 2020 Sunday) मूल्य रु. ७/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- हुलदङ्गा गर्नेलाई दुई वर्षसम्म कैद र बीस हजार रुपैयासम्म जरिवाना हुने,
- सार्वजनिक स्थानमा आवागमनमा बाधा गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- सार्वजनिक सेवा अवरुद्ध गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- सार्वजनिक शान्ति भङ्ग गर्ने, हुलदंगा गर्ने वा सार्वजनिक सम्बन्धलाई खलल पार्ने नियतले झुठ्ठा अफवाह फैलाउनेलाई एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र* – **पृष्ठ २ मा :** दाइजो कु प्रथा मानव सभ्यता ... **पृष्ठ ३ मा :** अस्तित्व नै संकटमा ... **पृष्ठ ५ मा :** प्रदेश २ सरकारको दुई वर्षे ... **पृष्ठ ५ मा :** चीनका नौ अस्थायी ...

# सप्तरीको बोदेबसाईनमा तीन दिने नेपालकै ठूलो इस्लामिक धार्मिक कार्यक्रम सुरु



**राजविराज**/सप्तरीको बोदेबर्साइन नगरपालिका ५ जाँजरमा शनिबारदेखि तीन दिने नेपालकै ठूलो इस्लामिक धार्मिक कार्यक्रम (इज्तिमा) सुरु भएको छ ।

यस कार्यक्रममा नेपाल र भारतका गरि झण्डै डेढ लाख मुस्लिम समुदायको सहभागिता रहेको छ । कार्यकम स्थलमा महिला प्रवेशलाई पूर्ण निषेध गरिएको छ ।

गृहमन्त्रालयले अन्तराष्ट्रियकरण भएको भन्दै बिहीबार कार्यक्रममा रोक लगाएपछि आयोजकले नेपाल र भारत बाहेक अन्य मुलुकका मुस्लिमहरुलाई कार्यक्रममा सहभागी नगराईने प्रतिबद्धता जनाएपछि शुक्रबार गृहमन्त्रालयले कार्यक्रम गर्ने आदेश दिएको थियो ।

आयोजक समितिका संयोजक मो. गफुरले कार्यक्रममा नेपाल तथा भारतका मुस्लिम धर्माबलम्बीहरुलाई मात्र आमन्त्रण गरिएकोमा तेस्रो मुलुकका मुस्लिम समुदायहरु आउनुमा आफुहरुको कुनै दोष नरहेको दावी गर्दै नेपाल र भारत बाहेक अन्य मुलुकका मुस्लिमलाई सहभागी नगराईने प्रतिबद्धता जनाएपछि प्रशासनले कार्यक्रम शान्तिपूर्ण ढंगले सम्पन्न गर्न अनुमति प्रदान गरेको जानकारी दिएका छन् ।

कार्यक्रममा प्रमुख अतिथि एवं प्रमुख प्रबचनकर्ताको रुपमा भारतको दिल्लीस्थित मर्कट जाने मस्जिदका मौलाना मो. साद रहेका छन् । यता कार्यक्रम स्थलको पूर्व अनुमति बगेर फोटो खिच्न रोक लगाइएको छ । यस्तै कोरोना भाईरस संक्रमित व्यक्ति भित्रिन सक्ने उच्च जोखिम तथा अन्य स्वास्थ्य उपचारका लागि

*बाँकी अन्तिम पृष्ठमा*

# दुई वर्षे कार्यकाल सफल भएको मुख्यमन्त्री राउतको दाबी



**जनकपुरधाम**/प्रदेश नं. २ का मुख्यमन्त्री लालबाबु राउतले आफ्नो सरकारको दुई वर्षे कार्यकालको प्रगती विवरण शनिबार पत्रकार सम्मेलन मार्फत सार्वजनिक गरेका छन् ।

आयोजित पत्रकार सम्मेलनमा मुख्यमन्त्री राउतले प्रदेश सरकारको दुई वर्षको कार्यकाल सफल भएको दाबी समेत गरेका छन् ।

प्रगति विवरण सार्वजनिक गर्दै मुख्यमन्त्री राउतले विभिन्न आरोह-अवरोहका बीच प्रदेश सरकारको दुई वर्षे कार्यकाल सफल रहेको दावी गर्दै २६ बुँदे कार्य प्रगति विवरण समेत सार्वजनिक गरे ।

उनले संघियतालाई असफल पार्ने तत्वहरु सक्रिय रहेको दावी गर्दै समयमा प्रदेश सरकारले संघीयतालाई संस्थागत गर्न तर्फ अग्रसरता लिएको बताउँदै संघ सरकारको तर्फबाट असहयोग भइरहेको भन्दै प्रदेशका अधिकारहरु कटौती गर्ने काम भएको समेत बताए ।

पत्रकार सम्मेलनमा मुख्यमन्त्री राउतले वर्तमान सरकारको कार्यकाल ५ वर्ष नै रहने दावी गरेका छन् । उनले जनताको म्याण्डेटबाट गठन भएको प्रदेश सरकार रहेकोले यो सरकार ५ वर्ष सम्म रहने बताउँदै प्रदेशको राजधानी जनकपुरधाम हुने सहमति भइसकेको र प्रदेशको नाम मधेश नै हुने दावी समेत गरे ।


# सप्तरीका बाल खेलाडीहरु प्रदेश स्तरिय फुटवलमा सहभागि हुन प्रस्थान

**राजविराज**/प्रदेश स्तरिय ८ देखि १३ वर्ष उमेर समुहको फुटवल प्रतियोगितामा भाग लिन सप्तरीका बाल खेलाडीहरु शनिबार सिरहाको कर्जन्हा नगरपालिकाको बस्तीपुर प्रस्थान गरेका छन् ।

जिल्ला फुटवल संघ

*बाँकी अन्तिम पृष्ठमा*


# महासभा विशुद्व राम्रो ज्ञान प्राप्त गर्न र देशको बिकासको लागि : अध्यक्ष अंसारी



**राजविराज**/मुस्लिम आयोगका अध्यक्ष समिम अंसारीले ईज्तिमा मुस्लिमहरूको महासभा भएकोले यो बिशुद्व राम्रो ज्ञान प्राप्त गर्न र देशको बिकासको लागि आयोजना गरिएको बताएका छन् ।

शनिवार बोदेवरसाईनस्थित जाँजरमा आयोजित मुस्लिमहरूको ईस्जितामामा बोल्दै अंसारीले नैतिकवान, एक अर्काबिचको सम्बन्ध सुमधुर बनाउन, कसैमा अन्याय नगर्न, समाजिक भावना राख्दै प्रगति तर्फ उपदेश्य दिने प्रवचन रहेको बताए ।

उनले ईस्तिमा आयोगको निगरानीमा रहेकोले कुनै किसिम उच्श्रृखंल गतिविधि हुन नदिन सुरक्षा ब्यबस्था कडा पारिएको दाबी समेत गरे ।




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit
WESTERN UNION MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
CITY EXPRESS MONEY TRANSFER
IME International Money Express
IME pay wallet
himal remit हिमालरेमिट
CG Money
MoneyGram money transfer

## सम्पादकीय

### फराकिलो र व्यवस्थित बाटो गर्नेतर्फ ध्यान पुगोस्

दशकौंदेखी फराकिलो र व्यवस्थित बाटो नभएका कारण सप्तरीवासी मर्कामा पर्दैआइरहेका छन् । जिल्ला सदरमुकाम राजविराजका अधिकांश बाटो साँगुरो र अव्यवस्थित रहेका छन् । जसकारण एउटा पनि सवारीसाधनलाई आवतजावत गर्न निकै कठिनाई भइरहेको छ । यति मात्र नभएर अव्यवस्थित घर निर्माण र बाटो अतिक्रमणका कारण भएको बाटो पनि साँगुरो हुँदै गएको छ । यस्तै बिरामीहरुलाई अस्पतालसम्म पुऱ्याउन एम्बुलेन्स समेतलाई सो बटोमा छिर्न कठिनाई हुन्छ भने आगलागिको समयमा बाटोका कारण बारुणयन्त्र समयमा नपुग्दा निकै घरधनको क्षति हुन्छ ।

यस्तै जिल्लाको अधिकांश स्थानको समस्या यो भन्दा पनि बढी नै छ । गाउँ घरमा आगलागिबाट हुने व्यापक क्षतिको मुख्य कारण मध्ये एक बाटो पनि हो । गाउँ-घरमा आवत-जावत गर्ने कतिपय मुख्य बाटोहरु नै साँघुरो हुने कारण आगलागि भएको समयमा बारुणयन्त्र समयमा पुग्न नसक्नुले आगोलाई समयमा नियन्त्रण लिन सकिदैन । गाउँ-घर, टोल टोलमा बाटो फराकिलो बनाउनुपर्ने चेतना अभावले गर्दा यस्तो समस्या आएको देखिन्छ । तर, सम्बन्धित निकायले बाटोप्रति चासो नदेखाउँदा साँघुरो बाटो बनाउने र फराकिलो बाटोलाई पनि मिचेर साँघुरो बनाईदिने चलन बढेको छ ।

तसर्थ समबनधीत निकायले साँघुरो बाटो बनाउने र फराकिलो बाटो मिच्ने प्रवृत्तिलाई निरुतसाहित गर्नेतर्फ कडा कदम चलाउनु पर्ने आवश्यकता रहेको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गर्नुहोस् ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

कन्सलटेन्ट एनास्थेसियोलोजिष्ट आइसियु स्पेस्लिष्ट र पेन फिजिसिएन

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

# दाइजो कु प्रथा मानव सभ्यता र संस्कृतिको लागि अभिषाप हो

"धार्मिक तथा हाम्रा इतिहासिक धरोहरहरुले देखाएका वैवाहिक परम्परालाई मानव जीवनमा आत्मसाथ गरी आफु र आफ्नो परिवार, समाजको व्यवहारमा एउटा अनुपम अनुभवहरुको अवस्था सिर्जना गरी परिवर्तनको लागि पहल हुनुपर्ने देखिन्छ । महापुरुष भगवान रामचन्द्रले सितासँग वैवाहिक सम्बन्ध तथा भगवान कृष्णले रुक्मिणीसँग गरेको वैवाहिक सम्बन्ध जस्ताको परम्परालाई यो धरातलमा महापुरुषहरुले देखाएर गएका मार्गदिशाहरुको निर्देश गर्नुपर्ने अवस्थामा आफैले बनाएका आफ्नो निजी स्वार्थकोलागि बनाएका कुप्रथाहरुले आफैलाई नै समाप्त गर्ने माध्यम रहेकोले अहिलेको अवस्थामा विश्व र संसार शिक्षाको ज्योतिहरुबाट दिनप्रतिदिन समाज परिवर्तनको नयाँ अनुभूतिहरु दिने गरेको अवस्थामा हामी र हाम्रो समाज यस्ता कुरीतिहरुबाट किन टाढा भइरहेको छैन भने आश्चर्यहरु हाम्रो सामु हरेका छन् । यस्ता कुरीतिहरुको अन्त्यका लागि सामाजिक स्तरबाट परिवारिक स्तरबाट, बुद्धिजीवि क्षेत्रबाट तथा सरकारी-गैरसरकारी, संघ-संस्थाहरुबाट चेतना फैलाई तथा खबरदारी गरी यस्ता विकराल कुरीतिहरुलाई विसर्जनको लागि आवश्यक पहलको आवश्यकता देखिन्छ ।"



**अमरनाथ मण्डल**

मानव जीवनको महत्वपूर्ण क्षण तथा महत्वपूर्ण सन्दर्भको रुपमा वैवाहिक क्षणलाई मानिन्छ । मानव जीवन र सभ्यता संस्कृतिको परिधिभित्र अहम भूमिका र सन्दर्भ रहेको वैवाहिक परम्परामा केही विकृतिहरुको कारणले गर्दा समाजमा विभिन्न किसिमका नाकारात्मक सन्देश बोकेका परिणामहरु हाम्रो सामु आउँछ । मानव जीवनको सन्दर्भमा दुई परिवारको बीच आपसी समझदारी, मनमस्तिष्क भावना र सप्रेमको अनुपम मिलन बिन्दुको रुपमा विवाहलाई लिइन्छ । दुई आत्माको बीच, दुई परिवारको बीच हर्षोउल्लास र सोहार्दपूर्ण वातावरणको अनुपम अनुभवको साथ विताउँने क्षणलाई वैवाहिक क्षणलाई मानिसले सधैं स्मरण गर्दछ ।

तर, हाम्रो समाजमा चलिरहेका विकृतिको नाउँमा रुढिवादीवादी परम्परालाई सर्वोच्चताका साथ नाकारात्मक सन्देशहरुलाई आत्मसाथ गर्न अहिले मानव जाति दाइजो प्रथा जस्तो कुप्रथालाई आत्मसाथ गरिरहेका छन् । जसको परिणामले परिवारिक सम्बन्ध र वैवाहिक सम्बन्धमा पछि गएर ठुलो असर पर्ने गरेको कुराहरु, कुरीतिहरु हाम्रो सामु कतिपय घटना र परिघटनाले देखाइसकेका छन् । दाइजो कुप्रथामा छोरालाई छोरीको बुवा मार्फत लेनदेनको दरभाउ गरी छोरालाई बेच्ने आधारहरुको सन्दर्भमा अहिले दाइजो प्रथाको परम्परा आकाशे रुपमा दिनप्रतिदिन बढिरहेकोले छोरी पट्टिको आमाबुवाले आर्थिक, परिवारिक र सामाजिक कठिनाईहरु भोग्न बाध्य बन्छ । आर्थिक मारमा परेका छोरीको बुवा आमाले भएभरको जग्गा तथा अचल सम्पतिहरु बेचबिखन गरी छोरीलाई बिहे गर्न दाइजोको व्यवस्था मिलाउँछ । कतिपय अभिभावकहरुले जीवनभरीको कमाएका सम्पतिहरु छोरलाई बिहे गर्नमा दाइजो दिनेमा खर्च गर्छ । कतिपयले चर्को ब्याजमा साहु महाजनसँग ऋण लिई दाईजो दिने गरेको छ । तर दाइजोको यो महा रोग कारणले गर्दा वैवाहिक जीवनमा ठुलो असर पर्छ ।

वैवाहिक जीवन खुशीसँग बिताउनका लागि हरेक मानिसको सपना रहन्छ । तर, त्यस्ता सपनालाई बाधकको रुपमा पुर्याउनका लागि दाइजो प्रथाले घरेलु हिंसा, महिला हिंसा, बहुविवाह जस्ता नाकारात्मक अपराध हुने गरी कार्यहरुलाई सिर्जित गर्छ । शिक्षाको चेतना अहिले गाउँ गाउँमा फैलिरहेको अवस्थामा छोरीलाई पनि शिक्षा दिने गरेको अवस्थामा छोरीहरुपनि शिक्षा हासिल गरी आफ्नो परिवार जहानलाई लालन पोषण गर्न सक्ने सक्षम भइरहेका अवस्थामा केही शिक्षित परिवारहरुले बिना दाइजोको बिहे गर्ने गरेको उदाहरणहरु साम्रो समाजमा पर्याप्त रुपमा देखा परिरहेका छन् । छोरा इन्जिनियर, डाँक्टर बनेको तथा जागिरे रहेकोले दाईजोको मुल बढि हुने गरेको कु मानसिक्ताले ग्रसित अवसरवादीहरुको कारणले गर्दा अहिले पनि दाईजो प्रथाको विकराल रुप हाम्रो समाजमा देखा परिरहेका छन् ।

सामाजिक अपराधको रुपमा रहेको दाइजो प्रथालाई सरकारले कानूनी अपराधको रुपमा पनि कानूनमा दण्डको व्यवस्था गरिएको छ । तर सामाजिक परिवेशको अनेकौ कारणलले गर्दा दण्डको भागेदार बनेकाहरु कानूनी दण्डबाट उम्कन सफल भइरहेको छ । नेपालको तराई क्षेत्रमा दाइजो कुप्रथाको प्रकोप बढि देखिएको अवस्थामा यस प्रथाको संगै बहुविवाह, बालविवाह, घरेलु हिंसा, परिवारिक हिंसा, सम्बन्ध विछोड जस्ता अपराधिक क्रियाकलापहरुको अवस्थामा ठुलो फड्को मारिरहेकोले अहिले सम्मानित अदालतहरुमा अधिकांश बहुविवाह तथा घरेलु हिंसाको मुद्दाहरु दायर भएको देखिन्छ ।

आडम्बर रुपमा भोजभतेर, खानपिन, जयन्ती ठुलो संख्यामा ल्याउने जस्ता आर्थिक क्षति पुग्ने कार्यहरुले गर्दा वैवाहिक परम्परालाई खलबल्याउने अवस्थाको सिर्जना हुन्छ । जसले गर्दा छोरी पट्टिको आमा-बुवाको भएभरको सम्पति तथा जीवन भरी कमाएका सम्पतिमा आर्थिक क्षति हुने गरेको अहिले स्पष्ट देखिन्छ । त्यसैकारण दाइजो कुप्रथालाई न्यूनिकरणको लागि तथा अन्त्य गर्नकोलागि सामाजिक स्तरबाट सामाजिक व्यवहारहरुमा परिवर्तनको ठुलो अभाष हुनु पर्ने देखिन्छ । त्यस्तै अहिले शिक्षाको स्तर दिनप्रतिदिन बढिरहेको अवस्थामा शिक्षित परिवारहरुबाट यस्ता कुरीतिहरुलाई निरुत्साहितको लागि आफुबाट नै दाइजो बिनाको वैवाहिक परम्परालाई सुरुवात गरी उदाहरणीय कार्यहरुमा वृद्धि हुनुपर्ने अवस्थामा मात्र यस्ता कुरीतिहरुको अन्त्य हुने छ । अर्कोतिर प्रशासनिय पक्षबाट पनि दाइजो लिएको दिएको कुनै प्रकारको उजुरीहरु पर्यो भने त्यसमाथि ठाडै प्रतिक्रिया स्वरुप कार्वाही अगाडि बढाउनुपर्छ ।

धार्मिक तथा हाम्रा इतिहासिक धरोहरहरुले देखाएका वैवाहिक परम्परालाई मानव जीवनमा आत्मसाथ गरी आफु र आफ्नो परिवार, समाजको व्यवहारमा एउटा अनुपम अनुभवहरुको अवस्था सिर्जना गरी परिवर्तनको लागि पहल हुनुपर्ने देखिन्छ । महापुरुष भगवान रामचन्द्रले सितासँग वैवाहिक सम्बन्ध तथा भगवान कृष्णले रुक्मिणीसँग गरेको वैवाहिक सम्बन्ध जस्ताको परम्परालाई यो धरातलमा महापुरुषहरुले देखाएर गएका मार्गदिशाहरुको निर्देश गर्नुपर्ने अवस्थामा आफैले बनाएका आफ्नो निजी स्वार्थकोलागि बनाएका कुप्रथाहरुले आफैलाई नै समाप्त गर्ने माध्यम रहेकोले अहिलेको अवस्थामा विश्व र संसार शिक्षाको ज्योतिहरुबाट दिनप्रतिदिन समाज परिवर्तनको नयाँ अनुभूतिहरु दिने गरेको अवस्थामा हामी र हाम्रो समाज यस्ता कुरीतिहरुबाट किन टाढा भइरहेको छैन भने आश्चर्यहरु हाम्रो सामु हरेका छन् । यस्ता कुरीतिहरुको अन्त्यका लागि सामाजिक स्तरबाट परिवारिक स्तरबाट, बुद्धिजीवि क्षेत्रबाट तथा सरकारी-गैरसरकारी, संघ-संस्थाहरुबाट चेतना फैलाई तथा खबरदारी गरी यस्ता विकराल कुरीतिहरुलाई विसर्जनको लागि आवश्यक पहलको आवश्यकता देखिन्छ ।

# अस्तित्व नै संकटमा पर्ने सम्भावना



**मनोज कुमार कर्ण**

विश्व अर्थतन्त्रमा एशियालाई कम्युनिष्ट देश चीनसँगै उदाईरहेको लोकतन्त्रको पर्याय भारतमाथि भने अनेकौं अवरोधहरू पार गर्नुपरिरहेको छ । भारतलाई छिमेकी मित्र पाकिस्तानसंग देश विभाजनको रिस र प्रतिघातहरू सह्ने स्वाभाविक कर्म हो । पाकिस्तानले पख्तुन कबिलाहरूले, राजा हरिसिंहले पूरा काश्मिर भारतलाई कागज नै गरेर दिएको बेला, राजाविरूद्ध आतंक मच्चाएर विभाजन भई अस्तित्वमा आईसकेको पाक सेनासंग मिलेर सम्पूर्ण काश्मिरी भागका गिल्गिस्टान, बाल्टिस्तान तथा पाक अधिनस्थ कश्मिर (पिओके)माथि कब्जा जमाई सकेको भागबाट सियाचीनको अर्को भाग अक्साई चाईनालाई एउटा खुराफाती षड्यन्त्र अन्तर्गत बुझायो ताकि चीन-पाक 'मित्रता' (भारतको भाग काश्मिरको लूटको धन त फूपु, चाईनालाई उपहार स्वरूप श्राद्ध उखान झैं) कायम रहोस् र भारतले भविष्यमा पाकबाट कश्मिर फिर्ता लिन खोज्यो भने स्वत: चीनसंग मिलेर भारतको सर्वनाश नै गर्ने ! यस अलावा भारतलाई हतियार सम्पन्न देश तथा आउने ५ वर्षमा ५ ट्रिलियन डलरको अर्थ व्यवस्था बजेट बनाउने, स्पेशमा विभिन्न स्याटेलाइट्स उतार्ने, विश्वमा बढ्दो ताकतले जहाँ हिजो भारतीय प्रधानमन्त्रीहरू अन्य देशको प्रमुख सामु उ बस्दा उभ्ने अवस्था थियो, त्यहाँ आज भारतले बस्ने, हाथमाथि हाथ राखेर मित्रताको ताली ठोक्ने र विश्वमा बढ्दो ईरान-अमेरिका जस्तो जुनसुकै तनावग्रस्त क्षेत्रमा शान्तिकोलागि मध्यस्थताको भूमिका युएनओकै हैसियतमा खेल्ने स्टाटस बनाएकोले पनि धेरै ईर्ष्यालु तथा कपटी प्रतिस्पर्धी देशहरूसंग दृश्य, अदृश्य अवरोधहरू झेल्नुपरेको छ । प्रतिस्पर्धीहरू स्वच्छभएर यस्तै मानवप्रगति कार्यमा तथा शान्ति स्थापना कार्यमा लागेको भए राम्रै हुन्थ्यो तर जहाँ भारतमाथि उल्लेखित मानवहीत वा भारतको प्रगतिका कार्यमा सन् १९४६ को आजादीपछि आफ्नो समय लगायो, त्यहीं पाकिस्तानले, भारतीय पूर्व विदेशमन्त्री दिवंगत सुष्मा स्वराजको भाषामा, लश्कर-ए-तईबा, हिज्बुल मुजाहिद्दीन, जैश-ऐ -मुहम्मद जस्ता अनेकौं आतंकी समूह तयार गरेर देशका भविष्य युवालाई बिगार्दै विदेशबाट ल्याएको विकासको रकम डलरलाई पनि त्यसमा 'लगानी' गरे ! यस लेखमा संक्षिप्तरूपमा भारतले अन्य फैक्टरले विश्वमा 'भारतको लिबरल झण्डै सेक्युलर हिन्दूत्व'को अस्तित्व नै समाप्त पार्ने तत्वसंग निरन्तर जुध्दै कसरी नजिककै पाकिस्तानको चीन, नेपाल तथा भारतमै उसको पाक-चीन नेक्ससले भारत घायल छ, त्यसलाई स्पष्ट पार्नु हो भने यस अंकमा केवल पाक-चीनको भारतीय नागरिककै नेक्सस उल्लेख छ ।

**भारतविरोधी शत्रुसंग भारतीय कनेक्सन**

भारतको हिन्दू सहिष्णुता तथा बीजेपी र उसको नेशनल जनतांत्रिक गठबंधन (एनडीए)का प्राय: पार्टीहरूको अन्य धर्मावलम्बीहरूलाईपनि साथमै लिएर प्रम नरेन्द्र मोदीको नारा 'सबका साथ, सबका विश्वास र सबका विकास'को नारा अन्तर्गत एक्काईशौं शताब्दीको 'मेक-ईन-ईण्डिया'को बृहत्तर योजनाको भारतीय चित्रणले गर्दा विपक्षी दल खासगरि कंग्रेस आई, वामपन्थीहरू, काश्मिरका अब्दुल्लाह परिवार तथा महबूवा मुफ्तिका पार्टीहरू, विहारका लालू यादबको आरजेडी, युपीका अखिलेश यादबको समाजवादी पार्टी, त्यहींका मायावतीकी बहुजन समाजवादी पार्टी, हैदरावादका हजूरबुवा हिन्दूबाट मुस्लिम बनेका र अब हिन्दू, हिन्दूका मन्दिर आदि देख्नै नसक्ने तर वकिलभएकाले धेरै सम्हलेर मिडियामा आगो नै ओकल्ने एआईआईएएमका चीफ असुदुद्दीन ओवैसी जस्ता अन्य क्षेत्रीय दलपतिहरू दिन प्रति दिन आफूहरूको धमिलो पानीमा माछा मार्ने प्रवृत्तिको राजनीतिले प्रगतीवादी तथा विकासवादी एनडीए गठबन्धनले उदांगो पारिदिएको परिवेशमा अजेण्डाविहिन भएर बिजेपीलाई नयाँ अजेण्डा तय गरेर परास्त गर्न सोच्नु अघि नै अर्को बज्रपात हरेक क्षण बिजेपीका सत्कार्यले परिरहेको देखेर हायलकायल भएका छन् । बिजेपी तथा एनडिए लिबरल हिन्दू वा पूर्ण धर्मनिरपेक्ष रहेको बलियो प्रमाण बोलीमा नभई कानूनी व्यवहारमै नयाँ कानून सिएए अन्तर्गत भारतका कोहिपनि मुस्लिम वा जो कोही नागरिकलाई केहि नगरी पाकिस्तान, अफ्गानिस्ता र बंगलादेशबाट माइनोरिटिमा परि धार्मिक उत्पीडीत शरणार्थी हिन्दू, फारसी, जैन, शिख, बौद्ध र ईसाईलाई नागरिकता दिने व्यवस्था कांग्रेस पार्टी कै सन् २००३ तिर को मागलाई पूरा गरेको बाट देखिन्छ । जहाँ बिजेपी देशभक्तिको पराकाष्ठामा विकासमार्फत् महान् आफ्नो जायज पीओकेसहितको भारत बनाउन तयार छ, त्यहीं विपक्षी कंग्रेसलगायतहरूले भएकै भारतको वजूद (अस्तित्व मेट्न) हिजो कसरी कुन विदेशी चीन-पाकसंग कनेक्सन गरेका थिए, त्यसलाई 'सम्हाल्दै'मा परेशान छन् ।

यो आरोप भारतीय विपक्षीदलमाथि होइन किनकि भारतीय सेना जब-जब पाकिस्तान समर्थित आतंकीबाट भारतीय सुरक्षाबेस वा जनतामा आक्रमण गरेका छन् कम्तिमा मोदीराजमा, भारतीय सेनाले आजसम्म युपीएको सरकारमा गर्न नपाएको खुला कार्वाहीहरू सर्जिकल तथा एयर स्ट्राईकहरू गर्दा विपक्षीहरूले केहि दिन सेनालाई सपोर्ट गरेको नाटक जस्तो गरेर फेरी फेक अर्थात् गल्ति दाबी गरेको भनेर अपमान र प्रश्न उठाएका छन् । जबकि पाक प्रम ईमरान खान नियाजी, उसका सैन्य चीफ वाजवा र विदेशमंत्री कुरैसी लाश गन्ति गर्छन् र भारतसित बदलालिने बयान दिईरहेका हुन्छन् ! यति मात्र हैन कि भारतभित्र सरकार तथा सेनाको कार्वाहीमाथि यति भ्रमात्मक तथा प्रो-पाक बयानबाजी खासगरि कंग्रेस तथा माथि उल्लेखित युपीएसंलग्न दलका नेताहरूले गर्छन् कि उसको दुश्मन पाकले ती मिडिया बाईट तथा ट्वीटरहरूलाई एकत्रित राखेर पाकको सदन तथा युएनओमा लिखित दस्तावेज नै तयार पारेर बोल्छन् । भारतीय सेना जम्मू-काश्मिरमा बाटोमा हिंड्दा अति संयमितलाई प्रदर्शनकारी जनताले थप्परले मारेको देखिन्छ र ती भारतविरोधी नेताहरूले खुच्चिङ् गर्छन् भने आत्मरक्षामा जब सेना अर्को बेला आफू घेरिएको पत्थरबाजको तीनै मान्छेको भीडबाट निस्कन ईजरायली पुरानो मोडल अनुसार कसैलाई जीपको अगाडी बाँधेर निस्कन्छन्, अनि ती नेताहरू मिडियामा त्यस 'देशभक्त' नागरिकको तर्फबाट 'मानवाधिकार'को वकालत गर्छन् । तीनै पत्थरबाजहरू आतंकीहरू सेनाद्वारा कुनै घरमा घेरिएको सूचना पाएर पत्थराव गरेर कभर दिन थाल्छन् र त्यहीं सेनाले घरभित्रबाट फायरको पनि सामना गरिरहेको हुन्छ अनि बल्ल बुलेट प्रुफ ज्याकेट मोदी सरकारमा पाएकोलाई लगाएर केवल अश्रु वा प्यालेट्ट गन पत्थरबाजहरूमाथि चलाउंछन्, तब सेनाको पक्षमा कोहि बोल्दैनन् र उल्टै प्यालेट्ट गन चलाएको भनी कंग्रेसका विपक्षी नेता मणिशंकर अईयर जस्ताले सेनापतिलाई 'सडकका गुण्डा' भन्छन् भने त्यही सेना केहि डिजाईनर पत्रकारको आलोचनापनि खेप्छन् । के विपक्षी दल तथा उसका केही डिजाईनर पत्रकारको नाममा सेनाको व्यवसायीक कार्यमा गरिने यस्ता हर्कतहरूलाई लोकतन्त्र तथा मानवाधिकारको नाममा सह्न सकिन्छ ? के लोकतन्त्र र मानवाधिकार जस्ता कुराहरू भारतविरोधी प्रदर्शनकारी, विपक्षी केही नेता र डिजाईनर पत्रकार मात्रको हुन्छन् कि सुरक्षाबलको पनि कार्यस्थलमा हुन्छ ? विपक्षी दलको कार्य स्वस्थ्य राजनीतिमार्फत् देश र जनताको विकास हो कि शत्रु देशसंग मिलेर सेनाको कार्यमा हस्तक्षेप गरि भारत समाप्त पार्नु हो ?

जब अंग्रेज कमजोरभएर भारतलाई सन् १९४६ मा आजाद गरिदिए तर पाकिस्तानपनि जन्माई दिए, त्यस बखत भारतीय मुस्लिम लीगका मुसलमान जसको ईच्छा नै भारतको अस्तित्व समाप्त पार्ने थियो तर मुसलमानको लागि पाकिस्तान बनेको देशमा जानि जानि गएनन्, तीनीहरू रेजिड्यूको रूपमा आजपनि रहेर भारतविरोधी गतिविधि गरिरहेका छन् जसको नवरूप हैदरावादका असुदुद्दीन ओवैसी, जम्मू-काश्मिरका फारूक तथा छोरा ओमर अब्दुल्लाह र महबूबा मुफ्तिका पार्टी र समर्थकहरू छन् भने लीगको भारत टुक्रयाउने विचारधाराका मुस्लिमहरू भारतभरि नै सबभन्दा बढी कंग्रेसमा अनि लालु तथा अखिलेश यादबका पार्टीहरूमा छन् जसकारणले विहार र यताका राज्यहरूमा पनि 'पाकिस्तान जिन्दावाद'को नारा सुनिन्छ भने पाकको आईएसआईका एजेन्ट वा आतंकीहरू यिनीहरूकोमा नेपालभएर पसेर शरणपनि लिएर फर्दर प्लान भारतविरूद्ध रच्छन् । लीगवालाहरू ईस्लामी कट्टर कानुन तथा त्यसको मनलाग्दी अपव्याख्या अनुसार गैरमुस्लिम प्राय: भारतका हिन्दूको महिलालाई दुष्कर्म गरेर हत्या गर्न 'धर्म' ठान्छन् र भारतीय कानुनले जब त्यसलाई बलात्कार र हत्या भनी फांसी वा त्यसतै आई परे मुठभेडमा ईन्काउन्टर गर्छ अनि ओवैसी जस्ता नेताले उल्टै सुरक्षाबलमाथि कोर्टमा मुद्दाहाली छानविनको माग गर्छन् जबकि ईन्काउन्टर अघिसम्म सारा देश दुष्कर्मीहरू विरूद्ध देश बाल्दा यिनी चूप लाग्छन्, जस्तै भर्खरै करिब २ महिना अघि हैदरावादको तेलंगनामा भारतीय भेटेरिनरी हिन्दू डाक्टर प्रियंका रेड्डीलाई पहिला ४ जना मुसलमान केटाहरूले सुनसानमा स्कूटी किला फालेर पंक्चर गरिदिए र जब उनी अन्जानभई सहयोग मागीन् अनि बलात्कार गरि पेट्रोल छर्केर जलाए अनि ३६ किमि पर लगेर फालेको घट्नामा ओवैसीको शंकास्पद हर्कतहरू ! २६/११ का भारतमाथि पाक आतंकी हमलावरलाई भारतीय कानुनले फाँसी दिंदा यीनीहरू सर्वोच्च अदालतमा वकालत गरे र हारेपछि 'हत्या' देखे र खुलेर भारतकै विरोध पाकको लयमा जनाए ! यी लीगवालाहरू जानीजानी जनसंख्या नियन्त्रण गर्न भनी सरकारलाई सघाउन परिवार नियोजन नगराउने र देशमा २ प्रतिशत जनसंख्या आफ्नो हुन्जेल चूपलगाएर बस्ने तर जब १६ प्रतिशत बढ्ने अनि हिन्दू र भारतविरूद्ध जेहाद छेडीकन मुस्लिममय विश्वव्यापी 'थीम'मा चल्छन् । यसको विपरीतमा भारतमा मुसलमानको ठूलो जनसंख्या छ जो लीगको विचारमा छैनन् र आजाद धर्मनिरपेक्ष हिन्दूको लागि भएपनि हिन्दूस्थानमा रह्न आतंकबाट पर रहेर अति खुशी र भाग्यमान आफूलाई ठान्छन् । यी मुसलमानहरू ओवैसी, लालू, अखिलेश, सोनिया, अब्दुल्लाह तथा मुफ्तिका मुसलमानका भारतविरोधी कृयाकलापले आजित छन् भने बीजेपी वा अन्य शान्त दललाई सपोर्ट गर्छन् र भारतीय कानुन तथा नीतिहरूको स्वागत गर्छन् ।

यसै ढर्रामा आधारित कंग्रेस तथा विपक्षको सरकारले ल्याएका नयाँ कानुनहरू एनआरसी ( नेशनल रेजिडेन्ट रजिष्ट्रेशन सर्टिफिकेट) र सिएए (सिटिजन एमेन्डमेन्ट ऐक्ट) माथि हाल गरिरहेका विरोध हो । यी विपक्षले बिजेपी सरकारलाई घेर्न कुनै तर्क, प्रमाण वा खोट भारतीय नागरिकबारे यी कानुनमा नभेटिएर आफ्नै तत्कालीन प्रम राजीव गान्धिले सन् १९८५ को अगस्त १५ तारिखमा गरेका एनआरसीबारे असम सम्झौता तथा प्रम मनमोहन सिंहले बंगलादेशमा रहेका हिन्दू अल्पसंख्यकको लागि भारतमा शरणार्थीको रूपमा आएकालाई नागरिकता दिने आजको सिएएबारे चर्चा नगरिकन जनतामा भ्रम फैलाईरहेका छन्, कतिपयलाई मृत्युवरण गराई दिए भने देशमा यी कानुनको विरोधमा एक राज्यबाट अर्को राज्यमा सुरक्षाबलमाथि पत्थराव गर्न तथा सरकारी सम्पत्ति तोडफोड गर्न दिनको रू ५०० ज्याला दिएर लगेका छन् जहाँ कम्तिमा १९ जनाले ज्यानपनि गुमाए भने सिसिटिभिका फुटेज अनुसार कोहि ५०० रूपैयाँका 'कामदार'स्वयंले सरकारी वा जनताको सम्पत्ति तोड्ने वा जलाउनेको भर्पाई उ एक्लैले सात लाख वा बढीको घरघडेरी बेचेर भरिरहेका छन्हन्स् । यसैमा भारतभरी करिब सातसय (७००) युनिवर्सिटि रहेका मध्ये विपक्षीद्वारा नराम्ररी मुछिएको शैक्षिक संस्थाहरू प्रमुखरूपमा दिल्लीको जवाहरलाल नेहरू युनिवर्सिटि (जेएनयु), जामिया ईस्लामिया तथा अलिगढ मुस्लिम युनिवर्सिटिहरू छन् ।

जेएनयु आज यी विपक्षी दलको राजनीति जोगाईदिन 'टूल'को रूपमा लामो प्रयोगभएर पछिल्लो पटक एउटा रणमैदानमा गत ५ जनवरीमा परिणतभएको हो जुन दिन साँझ करिब साढे चार बजे युनिवर्सिटि क्याम्पस बाहिरबाट र त्यहींकै विद्यार्थीहरूपनि अचानक मास्कलगाएर रड्, हथौडा, डण्डासहित पसेर व्यापक तोडफोड र कूटपीट एकअर्कालाई गरेका छन् । जेएनयुमा करिब ४० प्रतिशत गरिब विद्यार्थी पढ्छन्, त्यहाँका विद्यार्थी सरकारबाट सबसिडि अन्तर्गत वर्षको करिब ३ लाख ४० हजार प्रति विद्यार्थी स्कलरशीप खान्छन् भने अति महंगो खाना र एसीमा त्यहीं होस्टेलमा बस्छन् । भर्खर गत १३ तारिखमा आएको ईन्डियन ईकोनोमिक्स (आईइसी)को नतिजामा ३२ मध्ये जेएनयुका विद्यार्थी एक्लैले १८ जनाले नाम निकालेका छन् । अत: हिजोको सेन्टर अफ ऐक्सेलेन्स तथा करिब १०६१ एकडमा दिल्लीको बीच मुटुमा करिब १ लाख करोड रूपैयाँको बजारभाउ रहेको जेएनयु (भारतको वर्तमान शिक्षा बजेटपनि यसभन्दा कम छ, केवल ९४ हजार करोड रूपैयाँ !)आज कंग्रेस तथा वामपन्थि क्याडर उत्पादन गर्ने फैक्ट्रीको रूपमा बदनामित छ ! सिएए तथा एनआरसी कानुनको विरोधमा विपक्षाका प्राय: मिडियामा देखिएका राहुल गान्धि, सीताराम येंचुरी, वृन्दा करात, जेएनयुका पूर्व विद्यार्थी वाम अध्यक्षद्वय कन्हैया कुमार र गीता कुमारी, आप पार्टीका नेताहरू लगायत सबै पुगिसकेका छन् र बीजेपी सरकारलाई हरसम्भव जायज-नाजायज तरकीब निकालेर कहिले फिस बढाईएको त कहिले नयाँ कानुनको विरोध गर्न उनीहरूको पढाईबाहेक अन्यत्र ध्यान तानेर आगोमा होमिदिएका छन् । देशमा सयकडौं युनिवर्सिटिमध्ये केवल औंलामा गन्ति गरिने ४-५ वटामा मात्र किन सधैं अस्तव्यस्तता ? यो हो टड्कारो प्रश्न आज त्यहाँको । जेएनयुका लेफ्ट्बाट जीतेकी विद्यार्थी युनियन अध्यक्ष आयशा घोषपनि गत ५ जनवरीको घट्नामा अन्यसंगै घायल छिन् तर उनीसंगै बीजेपीको विद्यार्थी संगठन एबीभीपीका पनि धेरै घायल छन् भने घोषहरूलाई घट्ना अघि अन्य विद्यार्थीले राजनीतिले गर्दा सिमेष्टरको जाँचको लागि रजिष्ट्रेसन फाराम सामान्य तरिकाले भर्न नपाउंदा युनिवर्सिटि प्रशासनले औनलाईन माग्दा समूहमा मास्कलगाएर सर्भर डाउन गरेको तथा ५ जनवरीको घट्नामा एउटा ग्रुपको नेतृत्व गरेको आरोपमा दिल्ली प्रहरीले मुद्दा दायर गरेको छ भने अनुसन्धान अन्यको हकमा जारी नै छ ।

गत १३ जनवरीकै दिन जामिया ईस्लामियाका विद्यार्थीहरूले पनि गत डिसेम्बरको अन्तिमतिर नयाँ कानुनहरूको विरोध हिंसात्मक पत्थराव प्रहरीमाथि ज्यानै लिने जस्तो गर्दा परिसरभित्र प्रहरी पसेर लाठीचार्ज गर्दा विश्वविद्यालय थप्प पारेकामा भिसिले उनिहरूको सबै माग सामुमै आएर मानेपनि त्यहाँका विद्याथीहरूले अब 'फीस बढोत्तरी समाधान भयो र पनि, जबसम्म नयाँ कानुनहरू सरकारले फिर्ता लिंदैनन्, हामीले परिक्षापनि नदिने र कक्षा लाग्नै नदिने' हरेक टिभिहरूमा बताईरहेका थिए ! जेएनयु, जामिया, अलिगढ युनिवर्सिटिज्मा खुलेरै 'भारत तेरे टुकडे होंगे ! पाकिस्तान जिन्दावाद ! हम छिन कर लेंगे आजादी !' जस्ता नारा लाग्छन् ! अंग्रेज त सन् १९४६ मै गईसक्यो, अब कससंग कस्तो आजादी चाहियो ? यसप्रकार यिनीहरूको मुस्लिम लीगवाला भारत र साँच्चिकै अर्थको लिबरल हिन्दूत्वलाई जसरीपनि नामेटपारी पाक-चीनको आधिपत्य भारत र हिन्दूमाथि गराईदिने जसमा बीजेपी, एनडीए र अर्का उदार देशभक्त भारतीय मुस्लिमलाई यिनीहरूले बाटाका रोडा ठान्छन् !

**उपसंहार**

जेएनयु जस्तो सेन्टर अफ एक्सिलेन्स अब सेन्टर अफ वार अथवा पोलिटिक्समा परिणत हुनुभएन जसको बाछिट्टा न केवल भारतकै अन्य विश्वविद्यालयमा परिरहेका छन्, अपितु नेपाल, पाकिस्तानलगायतमा पनि परिरहेका छन् अर्थात् यहाँका विद्यार्थीहरूपनि पढाई कम तर राजनीति बढी गरिरहेका छन् । विद्यार्थीहरू कसैको पनि राजनीतिको मोहडा बन्नु हुँदैन र आफ्नो उद्देश्य पढाई र शैक्षिक जायज तात्कालीन् माग हो बुझेर देशकै सरकारको समानान्तरमा ओर्लनुभएन । भारतको बीजेपी-एनडिए सरकारलाई आजाद भारतपछिको स्वतन्त्र स्पिरिटको भव्य हिन्दूस्थान बन्न नदिन उनीहरूकको विरूद्धमा वामपन्थि कनेक्सनमा जानीजानी जेएनयुका प्रोडक्टहरूले यहाँ नेपालका विभिन्न कथित् राष्ट्रिय दैनिकहरूमा बकायदा लेखहरू लेखेर फाँसीवादी सावित गर्न लागिपरेका छन् जुन ईतिहास नबुझेर कलुषित मनसायले लिखिएका भारतविरूद्धकै षड्यन्त्रको रूपमा, नेपाल पञ्चशीलको सिद्धान्तमा चल्नुपर्छ मान्नेहरूले, लिन्छन् । यसले नेपालका ती लेखक तथा उनीहरूलाई स्थान दिने मिडिया र जमात्हरू सेक्युलर भारतको नभई भारतविरोधी ताकतको रूपमा परिभाषित गरिदिएको छ । नेपाल सरकारले हामी केहि लेखकले काउन्टरमा दिएको लेखले पनि कम्तिमा ती लेखकहरू नेपालका 'स्थापित लेखक स्थापित दैनिक र साप्ताहिक'मा छाएकाहरूलाई बेलैमा लगाम् नलगाए भोली जसलाई यी हर्कत्हरूले असर परिरहेको छ, यदि त्यो देश र उसको जनता र सेनाले समग्रमा नेपालविरूद्ध नै के गर्लान् भनी बेलैमा सोच्नु अपरिहार्य देखिन्छ । (लेखक पाटन संयुक्त क्याम्पसमा प्राध्यापनरत् छन्) *(मधेश दर्पण फिचर सेवा)*

# प्रहरीको मोस्ट वान्टेड सूचीमा रहेका साह पक्राउ

**राजविराज**/सप्तरी प्रहरीले मोस्टवान्टेडको सूचीमा रहेको धनुषाको महेन्द्रनगर बम काण्डमा मुख्य योजनाकार इन्दल साहलाई पक्राउ गर्न सफल भएको छ ।

धनुषाको क्षिरेश्वरनाथ नगरपालिका ५ महेन्द्रनगरस्थित राजेश साहको घरमा मंसिर २७ गते राति भएको बम बिष्फोटलगायतको घटनाका मुख्य योजनाकारका रुपमा रहेका साहस भनिने इन्दल साहलाई प्रहरीले सप्तरीको सुरुङ्गा नगरपालिकाबाट पक्राउ गरेको हो ।

जिल्ला अदालत धनुषाबाट कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग, बिष्फोटक पदार्थ सम्बन्धि कसुर र संगठित अपराध मुद्दामा कसुर ठहरी फरार रहेका साहलाई प्रहरीले सुरुङ्गा नगरपालिका ६ स्थित एक घरमा चन्दा माँग गरिरहेको अवस्थामा पक्राउ गरेको हो ।

नेत्रविक्रम चन्द समूहका प्रदेश कमिटी ब्यूरो सदस्य समेत रहेका धनुषाधाम नगरपालिका ६ सरस्वतीपुर बस्ने ३४ वर्षिय साहस भनिने इन्दल साहलाई ईलाका प्रहरी कार्यालय कडरबोनाबाट खटिएको प्रहरीले पक्राउ गरेको जनाइएको छ ।

मंसिर २७ गते महेन्द्रनगरमा भएको बम विस्फोटमा परी इलाका प्रहरी कार्यालय महेन्द्रनगरमा कार्यरत प्रहरी निरीक्षक अमिरकुमार दाहाल, घरधनी राजेश साह र निजका छोरा आनन्दकुमार साहको मृत्यु भएको थियो । बम विस्फोटमै परेर राजेशका बुबा भिखारी साह, राजेशका अर्का छोरा प्रकाश साह, राजेशकी छोरी अञ्जली साह, छिमेकी अकवर मन्सुर, सकिला खातुन, निक्की साह र प्रहरी जवान रिजनाथ महतो घाइते भएका थिए ।

# खेलकुदको ताला खुल्यो

**राजविराज**/विगत १० महिनादेखी जिल्ला खेलकुद विकास समिति कार्यालय सप्तरीमा लगाइएको ताला विहिबार खुलेको छ ।

गत जेठ ७ गतेदेखी विभिन्न माँगहरु राख्दै समितिकै उपाध्यक्ष धिरेन्द्र बर्माको नेतृत्मा बहुमत पदाधिकारीले समितिको कार्यालयमा तालाबन्दी गरिएको थियो ।

समितिको कोषाध्यक्ष राजेश कुमार चोधरी, उपाध्यक्ष धिरेन्द्र बर्मा, भारोत्तोलन सप्तरीका अध्यक्ष महेश प्रसाद यादव, खेलकुद पत्रकार मञ्च सप्तरीका अध्यक्ष मनोज कुमार माझी, राष्ट्रिय खेलाडी तथा प्रशिक्षक उपाध्यक्ष मनोज यादवलगायत खेलाडी र प्रशिक्षकको उपस्थितिमा सो ताला खोलिएको हो ।

सो अवसरमा कोषाध्यक्ष चौधरीले विज्ञप्ती जारी गरी लामो समयको तालाबन्दीका कारण खेलकुद गतिविधि प्रभावित भएकाले खेलाडीहरुको भावनाको कदर गर्दै तालाबन्दी कार्यकम तत्कालका लागि फिर्ता लिईएको जनाएका छन् ।

यद्यपी विज्ञप्तीमा आफुहरुले उठाएका तीन बुँदे माग सात दिन भित्र सम्बोधन नभए थप शसक्त कार्यकम गर्ने चेतावनी समेत विज्ञप्ती माफर्त दिइएको छ ।

अध्यक्ष अमर खवास बाहेकका पदाधिकारीले कार्यालय प्रमुख दिनेश भुजेलको सरुवा हुनुपर्ने, २०७१/०७२ देखिको आय व्यय सार्वजनिक गर्नुपर्ने तथा कार्यालय प्रमुख र कोषाध्यक्षको संयुक्त नाममा समितिको खाता संचालन हुनुपर्ने प्रमुख माग राखी गत ७ जेठमा समितिको मुल गेट तथा कार्यालयका अन्य सवै फाटमा तालाबन्दी गरेका थिए ।

# पक्राउ परेका कार्यकर्ता निर्दोष भएको भन्दै काँग्रेसद्वारा प्रदर्शन



**राजविराज**/सप्तरीको डाक्नेश्वरी नगरपालिकाका प्रमुख शिवनारायण साहलाई हातपात एवं दुरर्व्यहार गरेको भन्दै प्रहरीले पक्राउ गरेका आफ्नो कार्यकर्ता निर्दोष भएको भन्दै नेपाली काँग्रेस सप्तरीले बिरोध प्रदर्शन गरेको छ ।

कार्यकर्तालाई झुठा मुद्दा लगाई पक्राउ गरिएको भन्दै राजविराजमा काँग्रेसले विरोध प्रदर्शन गरेको हो ।

नेपाली काँग्रेस सप्तरीका सभापति दिनेश कुमार यादवको अगुवाईमा राजविराज विभिन्न ठाउँमा प्रदर्शन गर्दै पक्राउ गरिएको कार्यकर्ताको रिहाइ माग गरेका छन् ।

पार्टी कार्यालय राजविराजबाट निस्केको जुलुस पक्राउ परेका कार्यकर्ताको रिहाई माग्दै बजार क्षेत्रमा प्रदर्शन गर्दै जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयमा ज्ञापन पत्र समेत बुझाएका थिए ।

गत माघ २१ गते डाक्नेश्वरी नगरपालिकाका प्रमुख शिवनारायण साह सहित केही कर्मचारी माथि हातपात गरेको आरोपमा प्रहरीले सोही नगरपालिकाका निवासी अमरेन्द्र कुमार यादव, अर्जुन कुमार यादव र राजिव कुमार रायलाई पक्राउ गरेको थियो ।

उक्त विरोध प्रदर्शनमा प्रदेश सभा सदस्य मो. समिम, सचिव रामकुमार यादव, विष्णुपुर तथा राजगढ गाउँपालिकाका प्रमुख सहितको सहभागिता रहेको थियो ।

# विज्ञान प्रतिष्ठानको काम समय भित्रै शुरु हुने कुरामा कसैले शंका नगर्न आग्रह




**राजविराज**/राष्ट्रिय सभा सदस्य सुमन राज प्याकुरेलले रामराजा प्रसाद सिंह स्वास्थ विज्ञान प्रतिष्ठानको काम समय भित्रै शुरु हुने कुरामा कसैले शंका गर्न नहुने बताएका छन् ।

नेकपाका केन्द्रीय सदस्य समेत रहेका प्याकुरेलले राजविराजमा निर्माण हुने भनिएको सो प्रतिष्ठानका लागि सबैको सहयोग अपरिहार्य रहेको बताए ।

नेपाल राष्ट्रिय वाणिज्य संघ सप्तरीद्वारा आयोजना गरिएको 'रामराजा प्रसाद सिंह स्वास्थ विज्ञान प्रतिष्ठान सम्बन्धि अन्तरक्रिया कार्यक्रम' मा प्रमुख अतिथिको आसनबाट बोल्दै उनले रामराजा प्रसाद सिंह स्वास्थ विज्ञान प्रतिष्ठान स्थापना सप्तरीवासीले मात्र नभई प्रधानमन्त्री केपी ओलीको समेतको सपना रहेकोले प्रधानमन्त्री ओलीले नै शिलान्यास र उद्घाटन समेत गर्ने प्रतिबद्धता व्यक्त गरे ।

सप्तरी क्षेत्र नं. २ का सांसद तथा तत्कालीन उपप्रधान तथा स्वास्थ्य एवम् जनसंख्या मन्त्री उपेन्द्र यादवको समयमा प्रतिष्ठान स्थापनाका लागि पूर्वाधार तयारी विकास समितिको कार्यालय स्थापना भई प्रारम्भिक कार्यको लागि ४० करोड बजेट समेत छुट्याइएको थियो ।

प्रधानमन्त्रीले नै प्रतिष्ठान स्थापनामा विशेष चासो राखेको बताउँदै नेता प्याकुरेलले भने, "यो काम कुनै पनि हालतमा नरोकिने र प्रतिष्ठानका लागि तपाईहरुले गठन गर्नुभएको दवाव समिति र संघर्ष समिति आजै
विघटन गरी बरु सहयोग समितिमा परिणत गर्नुस्, मेरो आग्रह छ ।'

संघका अध्यक्ष सुरेश सिंहको अध्यक्षतामा आयोजित कार्यक्रममा सांसद सरिता गिरी, प्रदेश सभा सदस्य गोविन्द न्यौपाने, राजविराज नगरपालिकाका प्रमुख शम्भु प्रसाद यादव, नागरिक सञ्जाल सप्तरीका अध्यक्ष सुखराम यादव, उद्योग वाणिज्य संघ सप्तरीका उपाध्यक्ष शंकर दास, पशुपंछी व्यवसायी संघ प्रदेश २ का अध्यक्ष रामकृष्ण दास लगायतले पनि बोल्दै सप्तरीवासीमा प्रतिष्ठान स्थापना बारे रहेको विभिन्न अन्यौलता बारे आ-आफ्नो धारणा राखेका थिए ।

मन्त्री परिषदको २०७५ पुस २३ गतेको बैठकले सप्तरीको राजविराजमा प्रतिष्ठान स्थापना गर्ने निर्णय गरेको थियो । जसका लागि आवश्यक पर्ने ६२ विघा जग्गा समेत राजविराज नगरपालिकाले वडा नं १० मा निःशुल्क उपलब्ध गराइसकेको छ ।

# सवारी दुर्घटना सम्बन्धी जनचेतना

**राजविराज**/प्रदेश २ ट्राफिक प्रहरी कार्यालयले सवारी दुर्घटना न्यूनिकरणका लागी जनचेतनामुलक कार्यक्रमको आयोजना गरेको छ ।

राजबिराजस्थित जिल्ला समन्वय समितिको सभाहलमा आयोजित कार्यक्रममा प्रदेश २ ट्राफिक कार्यालय बारा पथलैयाका प्रहरी उपरिक्षक श्याकुमार महतोले दुर्घटना न्युनिकरण गर्न सर्तकता अपनाउनुपर्नेमा जोड दिए ।

राजमार्ग सहित सप्तरीका लामो तथा छोटो दुरीका चलाकहरूको लापरवाहीका कारण सानो तथा दुर्घटना हुने गरेको उनले बताए ।

राजमार्गमा ओभर एस्पिड, ओभर टयाक, र गाडी चलाउदा मोवाईल फोन प्रयोग गर्नाले दुर्घटना हुने गरेकोले यस्ता कुरामा सचेत भएर गाडी गन्तब्य सम्म पुरयाउन सुझाव समेत दिए ।

उक्त अवसरमा सगरमाथा यातायात प्रालि, विँगर प्रालि, टेम्पु तथा छोटो सानो दुरीका सवारी चालक, धनीहरूको सहभागीता रहेको राजबिराज ट्राफिक कार्यालयका ईन्चार्ज नन्दकिशोर मण्डलले जानकारी दिएका छन ।


## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरूले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३

# प्रदेश २ सरकारको दुई वर्षे कार्यकालको उपलब्धिहरुः

१) नेपाल संघीय संरचनामा रुपान्तरण भएपछि विास। २०७४ फागुनमा प्रदेश सरकारको गठन भएको हो । उक्त समय नेपाल र नेपालीको लागि नयाँ संरचना भएकोले नयाँ संरचना अनुसार प्रदेश सरकारको काम कारवाही सञ्चीलनका लागि प्रदेश मन्त्रालयहरुको स्थापना लगायत प्रदेश सरकार मातहत रहने कार्यालयहरुको स्थापना, कानून निर्माण, कर्मचारी व्यवस्थापन, भौतिक संरचना तथा स्रोतसाधनहरुको व्यवस्थापन अति आवश्यक रहेको थियो । तसर्थ, स्थापनाको समयमा प्रदेश सरकारले प्रदेशको स्थापना लगतै ती संरचनाहरुको निर्माण, उपलब्ध भएका संरचनाको मर्मत सम्भार लगायत कानून निर्माणको कार्यलाई प्राथमिकता दिई तिब्र गतिमा काम भएको थियो ।

२) नेपालमा संघीयता सफल हुने वा असफल हुने कुरा प्रदेश २ को सफलता र असफलतासंग प्रत्यक्ष रुपमा सम्बन्धित रहेको भनी देशभरीका राजनीतिज्ञ, बुद्धिजिवी, नागरिक समाज लगायतका सरोकारवालाहरुले विश्लेषण गरिरहेको अवस्थामा संघीयता बचाउने मुख्य जिम्मेवारी प्रदेश सरकारको काँधमा रहेको छ । यसका लागि प्रदेश सरकारले कर्मचारी अभाव, भौतिक संरचनाको अभाव,संघीय सरकारको असहयोग, कर्मचारीको असहयोग, कानूनको अभावका बावजुद अहोरात्र खटेर संघीयता बचाउन सफल भएको छ ।

३) प्रदेशको जनताको शान्ति सुरक्षा पहिलो आवश्यकता रहेको कुरालाई मध्यनजर गर्दै प्रदेश सभाबाट प्रदेश प्रहरी ऐन निर्माण भैसकेको अवस्था छ । संघीय प्रहरी ऐन बने पश्चा,त यो कार्यान्वयनमा आउने भएकोले संघीय प्रहरी ऐन पनि पारित हुने अवस्थामा रहेको कारण पारित भए लगत्तै प्रदेश प्रहरीको भर्ना प्रक्रिया अगाडी बढाइने छ ।

४) प्रदेश र प्रदेशभित्रका स्थानीय तहका लागि आवश्यङक कर्मचारी व्यवस्थापन गर्ने जिम्मेवारी संविधानले प्रदेश सरकारलाई दिएको हुँदा कर्मचारी भर्नाका लागि लोक सेवा आयोग गठन भैसकेको अवस्था छ । प्रदेश लोक सेवा आयोगले कर्मचारी भर्नाका लागि पाठ्यक्रम निर्माण लगायतका कार्यहरु तीब्र रुपमा अगाडी बढाएको छ ।

५) प्रदेश तथा स्थानीय तहको काम कारवाही सञ्चालन गरी जनतालाई सेवा प्रदान गर्ने कार्य गर्न अति आवश्यक ऐनको रुपमा रहेको प्रदेश निजामती सेवा विधेयक निर्माण भई प्रदेश सभामा विचाराधिन रहेको छ ।

६) प्रदेशका लागि चाहिने कानून निर्माणको कार्यमा प्रदेश २ सरकार तुलनात्मक रुपमा अगाडी रहेको छ । २३ वटा कानून प्रदेश सभाबाट पास भैसकेको, ८० वटा कानून तयारी अवस्थामा रहेको र २२ वटा कानून प्रदेश सभाका विधायन समितिमा विचाराधीन रहेको अवस्था छ ।

७) प्रदेश दुईमा महिलाप्रति हेर्ने दृष्टिकोण धेरै नै नकारात्मक रहेको यथार्थलाई प्रदेश सरकारले विशेष महत्व दिई महिला सशक्तिकरण तथा समाजिक सुधारका लागि बेटी पढाउ, बेटी बचाउ अभियान् सञ्चारलन गरेको हो जुन असाध्यै उपलब्धिमूलक रहेको र जनताले सकारात्मक अनुभूति गरेको कुरा प्रष्ट छ ।

८) बेटी पढाउ, बेटी बचाउ अभियान अन्तर्गत १४००० छात्रालाई प्रदेश सरकारले साइकल वितरण गरेको छ र बाँकी रहेका करिब १५००० हजार छात्रालाई साइकल वितरण गर्ने प्रक्रिया अगाडी बढाईएको छ ।

९) छोराप्रतिको मोहका कारण भ्रूणहत्या गरीछोरीलाई गर्भ मै मार्ने विकृति बढ्दै गएको हाम्रो समाजमा छोरी जन्मनुलाई सराप होइन बरदानको रुपमा लिनुपर्छ भन्ने जनभावना वृद्धि गरी छोरीको जीवन सुरक्षित गर्ने उद्देश्यले प्रदेश सरकारले छोरी बीमाको रकमलाई वृद्धि गरी रु तीन लाख पुर्याइएको छ ।

१०) मुख्यमन्त्री स्वच्छता अभियान् सञ्चालन गरी वातावरण स्वच्छ बनाउन प्रभावकारी कार्यहरु गर्दै आएको छ ।

११) प्रदेशका विभिन्न ठाउँमा सम्बन्धित स्थानीय तहसंग समन्वय गरी बाटो निर्माण, पुल निर्माण, जनता आवास कार्यक्रम सञ्चालन, प्रदेश कार्यालयहरुको भवन निर्माण लगायतका कार्यहरु प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालयबाट सञ्चाहलन हुँदै आएको छ ।

१२) शहिद परिवारको आयस्तर माथि उकास्नका लागि भैँसी वितरण कार्यक्रम, कृषकलाई कृषि पेशाप्रति उत्प्रेरित बनाई कृषि उत्पादनमा वृद्धि गरी किसानहरुको जीवनस्तरमा सुधार ल्याउनका लागि भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयबाट ट्र्याक्टर तथा सोलार पाइप वितरण कार्यक्रम सम्पन्न भयो।

१३) सामाजिक विकास मन्त्रालयबाट छात्रछात्राहरुलाई आत्मसुरक्षा सम्बन्धी तालिम दिने कार्यक्रम सम्पन्न भएको छ ।

१४) नागरिकको स्वास्थ्य सम्बन्धी हकको सुनिश्चित गर्न प्रदेश दुई भित्रका अस्पतालहरुको स्तरोन्नति गर्ने अभियान स्वरुप जनकपुर अञ्चल अस्पताललाई प्रदेश अस्पतालको रुपमा विकास गरिनुका साथै आधुनिक उपकरणहरु समेत जडान गरिएको छ ।

१५) धार्मिक तथा सांस्कृतिक सम्पदाहरुको संरक्षण तथा सम्बर्द्धन गर्ने उद्देश्यले प्रदेश दुईमा रहेका विभिन्न स्थानमा रहेका सांस्कृतिक सम्पदाहरुको सौन्दर्यीकरण गर्ने कार्य उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट भएको छ ।

१६) संविधानले प्रदेशलाई दिएको अधिकार बमोजिम प्रदेशभित्रका राष्ट्रिय वनजंगललाई संरक्षण र प्रवर्द्धन गर्न संघीय सरकारबाट सागरनाथ वन प्रदेश मातहत ल्याउन सम्मानित सर्वोच्च अदालतमा प्रदेश सरकारले मुद्दा दायर गरिएको छ ।

१७) प्रदेश दुईमा उद्योग स्थापना गरी प्रदेशको आर्थिक उन्नति गर्नुका साथै युवाहरुलाई रोजगारीको अवसर प्रदान गर्ने उद्देश्यले विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय लगानीकर्ताहरुसंग छलफल गरी यस प्रदेशमा लगानी गर्न आह्वानगरिएको छ ।

१८) स्थानीय तहमा उत्पादन हुने दुध, तरकारी, अन्नबालीको बिक्रीवितरण गर्न स्थानीय स्तरमा बजार सेड निर्माणका कार्यहरु भएका छन् ।

१९) शिक्षा नै विकासको मेरुदण्ड भएकोले शिक्षा क्षेत्रमा सुधार गरी आधुनिक सूचना प्रविधिहरुको प्रयोगबाट शिक्षण सिकाई क्रियाकलाप सञ्चोलन गर्न विद्यालयहरुमा कम्प्यूटर, ल्यापटप, प्रिन्टर, प्रोजेक्टर लगायतका प्राविधिक उपकरणहरु वितरण गरिएको छ ।

२०) प्रदेश र स्थानीय तहबीच सहअस्तित्व, समन्वय र सहकार्य गरी प्रदेशको समग्र विकासका गर्नका लागि प्रदेश समन्वय परिषद्को बैठक बसी स्थानीय तहहरुको समस्या, कामकारवाहीमा आइपरेका अप्ठ्याराहरुमा प्रदेश सरकारले सहयोग गर्ने तथा स्थानीय तहहरुलाई विपक्षी बनाइ दायर हुने मुद्दा तथा स्थानीय तहले दायर गर्ने मुद्दामा स्थानीय तहमा कानून अधिकृतहरुको व्यवस्था नभएसम्मका लागि स्थानीय तहको तर्फबाट मुख्य न्यायाधिवक्ताको कार्यालयबाट प्रतिरक्षा गर्ने घोषणा गरिएको छ ।

२१) मधेश आन्दोलनका शहिद परिवारलाई एक शहिद परिवार, एक रोजगारू योजना अन्तरगत रोजगार उपलब्ध गराईएको छ ।

२२) प्रदेश सरकारले मधेश आन्दोलन शहिद स्तम्भ तथा पार्क निर्माणको कार्य गर्दै आएको छ । साथै, आन्दोलनका घाइते परिवारलाई राहत उपलब्ध गराएको छ ।

२३) प्राकृतिक प्रकोपहरु बाढी, हुरी बतासबाट प्रभावितलाई राहत उपलब्ध गराएको छ । साथै जाडो याममा जाडोबाट बच्ने कम्बल, दाउरा लगायतका सामग्रीहरु वितरण गरी जनताको जीउ ज्यानको सुरक्षाका लागि सरकारले कार्य गर्दै आएको छ ।

२४) ५० प्रतिशत सरकारी सेवामा छोरीहरुलाई विशेष आरक्षण सम्बन्धि कानुन निर्माण भएको ।

२५) राज्यको सेवा सुविधाबाट सदियौं देखि सेवा सुविधाबाट वन्चित रहेका दलित समुदायका लागि १८ प्रतिशत विशेष आरक्षण भएको ।

२६) मानव सभ्यताका श्रोत पोखरी जालशायहरुलाई संरक्षण गर्न मुख्यमन्त्री स्वच्छता अभियान तहत पोखरी सौन्दर्यीकरण कार्य भईरहेको ।

## अन्तर्राष्ट्रिय समाचार

### चीनका नौ अस्थायी अस्पतालमा कोरोना भाइरस विरुद्धको सेवा शुरु

**हुबेई**/चीनको मध्य भागमा पर्ने हुबेई प्रान्तमा नौओटा अस्थायी अस्पताल सञ्चालन हुन थालेका छन् ।

कोरोना भाइरसको सङ्क्रमण अत्यधिक धेरै रहेको यस क्षेत्रमा शुरु गरिएका ती अस्पतालहरुमा ६ हजार ९६० शचया रहेका छन् ।

चिनियाँ राष्ट्रिय स्वास्थ्य आयोग (एनएचसी) का अधिकारीहरुले दिएको जानकारीअनुसार ती अस्पतालहरुमा कोरोना भाइरसबाट सङ्क्रमित पाँच हजार ६०६ जनाको उपचार भइरहेको छ ।

उहानमा आयोजित पत्रकार सम्मेलनमा एनएचसीका उपप्रमुख वाङ हेशेङले नयाँ अस्थायी अस्पतालहरु शुरु भएको जानकारी दिनुभएको हो ।

अस्थायी अस्पतालमा सेवा शुरु भएर सेवा पाउन थालेपछि कोरोना भाइरस सङ्क्रमितहरुले राहत महसुस गरेका छन् । रोगको प्रकोप न्यूनीकरण तथा व्यवस्थापन गर्न यी अस्पतालहरुबाट उल्लेख्य सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

बिरामीहरुले राम्रो उपचार सेवा पाइरहेको बताएका छन् भने कतिपय बिरामीहरु उपचारपछि घर फर्किएका छन् । एजेन्सी

### एक हजार ७०० चिनियाँ स्वास्थ्यकर्मीमा कोभिड-१९ को सङ्क्रमण

**बेइजिङ**/चीनमा कोरोना भाइरस (कोभिड-१९) बाट फेब्रुअरी ११ सम्ममा कूल एक हजार ७१६ स्वास्थ्यकर्मी सङ्क्रमित भइसकेका राष्ट्रिय स्वास्थ्य आयोग (एनएचसी)ले शुक्रबार जानकारी गराएको छ । यो सङ्ख्या कोभिड-१९ को सङ्क्रमण पुष्टि भएका कूल विरामीको ३.८ प्रतिशत हो ।

एनएचसीका उप-निर्देशक चेन यिक्सिनले पत्रकार सम्मेलनमा भन्नुभयो, "सङ्क्रमित स्वास्थ्यकर्मीमध्ये छ जनाको उपचारका क्रममा मृत्यु भइसकेको छ ।" कोभिड-१९ बाट मृत्यु हुने स्वास्थ्यकर्मीको सङ्ख्या कूल मृतक सङ्ख्याको ०.४ प्रतिशत रहेको उहाँले बताउनुभयो ।

कोभिड-१९बाट सङ्क्रमित स्वास्थ्यकर्मीमध्ये एक हजार ५०२ अर्थात् ८७.५ प्रतिशत नयाँ भाइरसको उद्गमस्थल हुबेई प्रान्तमा रहेको चीनले जानकारी गराएको छ । हुबेईको प्रान्तीय राजधानी वुहान सहरमा सबैभन्दा धेरै एक हजार १०२ अर्थात् ७३.४ प्रतिशत स्वास्थ्यकर्मी सङ्क्रमित रहेका उप-निर्देशक चेनले बताउनुभयो । एजेन्सी

### कोभिड-१९ नियन्त्रणमा खटिएका स्वास्थ्यकर्मीका लागि २६ अर्ब युआन विनियोजन

**बेइजिङ**/चिनियाँ अधिकारीहरूले नयाँ कोरोना भाइरस (कोभिड-१९) विरूद्ध लडिरहेका स्वास्थ्यकर्मीको काम गर्ने अवस्था सुधार गर्न बिहीवारसम्म २६ अर्ब युआन (करिब तीन अर्ब ७१ करोड अमेरिकी डलर) विनियोजन गरिएको एक वित्त अधिकारीले बताएका छन् ।

अर्थ मन्त्रालयका सहायक मन्त्री ओउ वेनहानले बेइजिङमा गरेको एक पत्रकार सम्मेलनमा उक्त कुरा बताउनुभएको हो । यो रकम स्वास्थ्यसम्बन्धी उपकरण र सुरक्षा सामग्री खरीद गर्न र चिकित्सा संस्थामा आवश्यकता अनुसार सुविधा बढाउन प्रयोग गरिने उहाँले बताउनुभयो ।

सबै अग्रमोर्चामा काम गर्ने स्वास्थ्य तथा महामारी रोकथामका लागि खटिएका व्यक्तिले जोखिममा काम गरेबापत कामका आधारमा प्रतिदिन प्रतिव्यक्ति २०० युआनदेखि ३०० युआनसम्म थप भत्तास्वरूप प्रदान गरिने उहाँले बताउनुभयो । बजेटलाई केन्द्रीय सरकारले नै उपलब्ध गराउने ओउले भन्नुभयो ।

कानुनी अधिकार र चिकित्साकर्मीहरूको हितको रक्षा गर्ने प्रयासलाई जोड दिँदै ओउले भन्नुभयो, "कोभिड-१९को सङ्क्रमणबाट हुने निमोनियाबाट प्रभावित चिकित्सा कर्मचारीहरूले व्यावसायिक चोटपटकका लागिसमेत क्षतिपूर्ति पाउनेछन् ।"

"महामारी विरुद्धको लडाईमा उल्लेखनीय योगदान पुर्याउने चिकित्सा टोली र व्यक्तिहरूलाई प्रोत्साहन गरिनुपर्छ र तुरुन्तै सम्मान गर्नुपर्छ," ओउले भन्नुभयो । अग्रमोर्चामा काम गर्ने चिकित्साकर्मीहरूलाई प्राप्त हुने आर्थिक सहायता र लाभांशलाई व्यक्तिगत आयकरमा छुट दिइनुपर्ने पनि उहाँले बताउनुभयो । एजेन्सी

# तिलाठी कोइलाडीमा छोरीहरुको बीमा कार्यक्रम शुरु




**राजविराज**/सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकामा शनिबारदेखि बेटी पढाउ बेटी बचाउ अभियान अन्तर्गत छोरी शिक्षा बिमा/मुद्दति बचत कार्यक्रम शुरु भएको छ।

छोरी शिक्षा बिमा/मुद्दति बचत कार्यक्रम अन्तर्गत एक जना बालिकाको बिमा कागज हस्तान्तरण गर्दै गाउँपालिकाका अध्यक्ष सतिश कुमार सिंहले कार्यक्रमको शुभारम्भ गरेका हुन्।

तिलाठी कोइलाडी गाउँपालिकाको वडा नं. १ तिलाठीमा शनिबार पहिलो दिन शिविर सञ्चालन गरिएको हो। आइतबार वडा नं. ४ कोइलाडीस्थित जिरिया हाटमा शिविर सञ्चालन गरिने छ।

पहिलो दिन शिविरमा ७ वटा वडाका गरी एक सय तीन जना बालिकाको बिमा गरिएको गाउँपालिकाका सूचना अधिकारी राजेश कुमार झाले बताए। बिमा गरिएकामध्ये वडा नं. १ का ३१ जना, वडा नं. २ का ३० जना, वडा नं. ३ का १३ जना, वडा नं. ४ का ९ जना, वडा नं. ५ का ७ जना, वडा नं. ७ का एक जना र वडा नं. ८ का १२ जना बालिकाको बिमा गरिएको सूचना अधिकारी झाले जानकारी दिए।

शिविरमा आएका बालिकाहरुको स्वास्थ्य जाँच समेत गरिएको थियो। स्वास्थ्य जाँच शिविरमा आएका बालिकामध्ये तीन जना कुपोषित देखिएको गाउँपालिकाका स्वास्थ्य शाखाका दिपक कुमार मण्डलले बताए।

स्वास्थ्य जाँचमा तिलाठी स्वास्थ्य चौकीका दिपेन्द्र झा, कोइलाडी स्वास्थ्य चौकीका जय प्रकाश साह लगायतकाले स्वास्थ्य जाँच गरेको र स्वास्थ्य जाँच शिविर आइतबार समेत राखिने गाउँपालिकाका स्वास्थ्य संयोजक शैलेशकुमार मिश्रले जानकारी दिए।

२०७५ साल माघ १ गतेदेखि हालसम्म जन्मेका बालिकाहरुको बिमा गर्ने कार्य भईरहेको छ जसमा प्रभु बैंकले बिमा गर्ने गरिरहेको छ।

# सप्तरी एनप्यावशनको अध्यक्षमा नरेश प्रताप



**राजविराज**/राष्ट्रिय निजि तथा आवासिय विद्यालय एशोसिएशन नेपाल एनप्याब्सन सप्तरीको शुक्रबार सम्पन्न छौठो जिल्ला अधिवेशनबाट नरेशप्रताप साहको नेतृत्वमा ११ सदस्यीय जिल्ला कार्य समिति सर्वसम्मतले चयन गरेको छ।

सर्वसम्मतबाट चयन भएको नयाँ कार्यसमितिको उपाध्यक्षमा दुर्गा प्रसाद यादव, सचिवमा दिनेश कुमार साह, सहसचिवमा रामानन्द चौधरी, कोषाध्यक्षमा प्रकाश चौधरी र उपकोषाध्यक्षमा बीरेन्द्र प्रसाद साह रहेका छन्।

यस्तै सदस्यहरुमा बसन्त चौधरी, रंजु साह, सत्यनारायण मण्डल, संजय चौधरी र श्रीराम मण्डललाई सर्वसम्मतले चयन गरिएको निर्वाचन समिति संयोजक डोमन साहले जानकारी दिएका छन्।

# भन्सार छलेका सामानहरु बरामद

**राजविराज**/राजविराज नगरपालिका, राजगढ गाउपालिका र शम्भुनाथ नगरपालिकामा प्रहरीले भन्सार छलेर ल्याउँदै गरेको लाखौं मूल्य बराबरको खाद्यान्न तथा लत्ताकपडा बरामद गरेको छ।

राजविराज नगरपालिका वडा नं. ५ कुनौली मोडबाट प्रहरीले २५ हजार मुल्य बराबरको चिनि तीन सय किलो, धनिया २५ किलो र बिस्कुट एक कार्टुन भन्सार छलेर नेपालतर्फ ल्याउदै गर्दा बरामद गरेको हो।

त्यस्तै जिल्लाको राजगढ गाउँपालिका २ झुटकीबाट भन्सार छलेर ल्याउँदै गरेको ९१ हजार ५ सय मुल्य बराबरको कपडा बरामद गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

प्रहरीलाई देख्ने बित्तिकै ती कपडाहरु तस्करहरुले फ्यालेर भागेको जनाएको छ।

यस्तै पत्थरगाढाबाट खटेको प्रहरी टोलिले जिल्लाको शम्भुनाथ नगरपालिका १२ स्थित कुशवाह भन्ने ठाउँमा यात्रुवाहक बसबाट ३२ हजार मुल्य बराबरको विभिन्न सामानहरु बरामद गरेको छ।

अवैध रुपमा भारतबाट अवैध नेपालमा ल्याईएका ३२ हजार मुल्य बराबरको चिनि ५० के.जी., मिठाई (डिब्बामा प्याक भएको) २ बोरा र बिडी ३० बन्डल बरामद गरेको हो।

यता बरामद गरिएको सबै सामानहरु तिलाठी भन्सार कार्यालयमा बुझाएको प्रहरीले जनाएको छ।



### सप्तरीको बोदेबसाईनमा ...

कार्यक्रम स्थलभित्र ६ ठाउँमा स्वास्थ्यकर्मी राखेर हेल्थ डेक्सको स्थापना समेत गरिएको छ।

कार्यक्रम स्थलमा २१ लाख ६० हजार स्क्वायर फिटको पण्डाल निर्माण गरिएको छ। झण्डै २ सय विगहा जग्गामा कार्यक्रमका लागि स्थान ओगेटिएको छ। जसमा २ हजार अस्थायी शौचालय निर्माण गरिएको छ भने स्वच्छ खानेपानीका लागि २ सय ५० धारा जडान गरिएको छ।

कार्यक्रम स्थलमा कुनै अप्रिय घटना हुन नदिन नेपाल र सशस्त्र प्रहरीका गरी ६ सय भन्दा बढी सुरक्षाकर्मी परिचालन गरिएको जनाइएको छ। यता नेपाल भारत सीमा नजिकै सुरु भएको कार्यक्रमलाई भारतीय सुरक्षा अधिकारीले पनि विशेष चासोका साथ हेरिरहेका छन् भने कार्यक्रम स्थलमा केही सादा पोशाकमा भारतीय प्रहरी निगरानी गरिरहेको समेत स्थानियले जानकारी दिएका छन्।

शुक्रबारदेखी सुरु भएको इज्तिमाका लागि शुक्रबार साँझसम्म पनि सहभागिहरु आउने क्रम जारि नै रहेको छ।

### सप्तरीका बाल ...


तथा राजविराज वडा नं. ८ कार्यालयले संयुक्त रुपमा बाल खेलाडीहरुलाई विदाई गरेको हो।

विदाई कार्यक्रममा जिल्ला फुटवल संघ सप्तरीका उपाध्यक्ष एवं प्रशिक्षक राजकुमार परियार, नेपाल खेलकुद पत्रकार मंचका अध्यक्ष मनोज कुमार माझी, वडाध्यक्ष जयनारायण मण्डल, एन्फा प्रशिक्षक रमेश श्रेष्ठ, पत्रकार राजु विश्वकर्मा, नविन गुप्ता लगायतले उत्कृष्ट प्रदर्शनको शुभकामना दिएका थिए।

शनिबारै देखि बस्तीपुरमा ३ दिन सम्म संचालन हुने प्रतियोगितामा ८ देखि १३ वर्ष उमेर समुहका छात्र तर्फ २८ र छात्रा तर्फ १४ गरी ४२ जना बाल खेलाडीले सप्तरीबाट प्रतिस्पर्धा गर्नेछन्। उक्त प्रतियोगितामा प्रदेश २ का ८ वटै जिल्लाका बाल खेलाडीको सहभागीता रहेको छ। प्रतियोगितामा छनोट भएकालाई राष्ट्रिय स्तरको प्रतिस्पर्धामा सहभागी गराई तथा त्यहाबाट छनोट भएकालाई एन्फाको एकेडेमीमा राख्ने कार्यक्रम रहेको एन्फा प्रशिक्षक रमेश श्रेष्ठले जानकारी दिए।

विद्यालयका बालबालिकालाई ग्रासरुट फुटवल कार्यक्रम मार्फत प्रशिक्षित गराईएको र त्यसबाट छनौट गरी प्रदेश र राष्ट्रीय स्तरमा प्रतिस्पर्धा गराउने एन्फाको योजना अनुसार यस जिल्लाबाट ४२ जना बाल खेलाडी तयार पारिएको उनको भनाई छ।


**बुध्द एयरको दैनिक उडान अब राजविराजबाट पनि यही माघ १८, फेब्रअरी १ देखि**




बुध्द एयरको वेवसाईट buddhaair.com तथा मोबाईल एपबाट उडानको समय, तालिका, भाडादर हेर्न र सजिलैसँग टिकट खरिद गर्न सकिन्छ।

थप जानकारीका लागि

गजेन्द्र नारायण सिंह अस्पतालको दक्षिण गेट अगाडी, राजविराज

फोन नं. : 031-522408/09

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit Quick & Easy, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**

राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*